**प्रस्तावहरू**

१. मोटरबाटो सरसफाई र मर्मत सम्बन्धमा,
२. शुभकामना आदानप्रदान सम्बन्धमा,
३. सवारी भाडादर निर्धारण सम्बन्धमा,
४. विविध,

**निर्णयहरू**

**१.** प्रस्ताव नं. १ माथी छलफल गर्दा धवलागिरी गाउँपालिका क्षेत्रभित्र बाढिपहिरो लगायतका मनसुनजन्य विपद्का कारण क्षति भई अवरुद्ध भएका तथा तत्काल मर्मतसम्भार र सरसफाई गर्नुपर्ने सडक सञ्चालन तथा विपद् व्यवस्थापन कार्यका लागि यस अघि विभिन्न मितिमा भएको निर्णय बमोजिम दररेट निर्धारण गरी खुल्ला रूपमा कोटेसन पेश गर्न चौथो पटक प्रकाशित सूचना बमोजिम पेश हुन आएको एक मात्र कोटेशन स्विकृत गरि मिति २०८२।०६।०२ श्री माछापुच्छ्रे निर्माण सेवा सँग भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो। साथै सम्झौता बमोजिम हुने मोटरबाटो मर्मतसम्भार र सरसफाई कार्यको वडास्तरबाट प्राविधिक कर्मचारी समेतको उपस्थितिमा नियमित रुपमा अनुगमन तथा निगरानी गरि अभिलेख राखि प्राविधिक कर्मचारी र वडा अध्यक्षले प्रमाणित गरी वडा समितिको बैठकबाट निर्णय गराई भुक्तानीको लागि गाउँकार्यापालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा नेपालीहरुको महान पर्व शुभ विजया दशमी, शुभ दिपावली, नेपाल संवत्, छठ लगायतका पर्वको पावन अवसरमा गाउँपालिकावासी तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा गाउँकार्यपालिकाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा मिति २०८२।०६।०२ गते जिल्ला प्रशासन कार्यालय म्याग्दीमा बसेको जिल्ला अस्थायी मार्ग तथा भाडादर निर्धारण समितिको बैठकले गरेको निर्णय बमोजिम यस गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्ने सडकको स्तर अनुसार तपशिल बमोजिमको किलोमिटर र भाडादर सबै नागरिकले देखिने गरी सार्वजनिक स्थलमा टाँस गर्न तथा सम्बन्धित निकायहरुमा पठाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

## धवलागिरी गाउँपालिका भित्रका विभिन्न ठाउँसम्मको सार्वजनिक बसको भाडादर

| **क्र. सं.** | **देखि** | **सम्म** | **कि. मि.** | **भाडादर** | **क्र.सं.** | **देखि** | **सम्म** | **कि. मि.** | **भाडादर** |
|---|---|---|---|---|---|---|---|---|---|
| **१.** | बेनी | धारापानी | २९ | ३३० | **१३.** | बेनी | मराङबेसि | ३६ | ४५० |
| **२.** | बेनी | ताकम | ३३ | ४०० | **१४.** | दरवाङ | खाम्ला | १५ | २७० |
| **३.** | बेनी | हिलापोखरी | ३६ | ४५० | **१५.** | दरवाङ | खिवाङ | १८ | ३२५ |
| **४.** | बेनी | काफलडाँडा | ३८ | ४९० | **१६.** | मराङबेशी | स्वा.चौकी | ३ | ५५ |
| **५.** | बेनी | सिवाङ | ३६ | ४५० | **१७.** | मराङबेशी | ठुलो गाउँ | ४ | ७० |
| **६.** | बेनी | मच्छिम | ३८ | ४९० | **१८.** | मराङबेशी | राम्चे | ७ | १२५ |
| **७.** | बेनी | फलियागाउँ | ४२ | ५६० | **१९.** | मराङबेशी | बुल | १२ | २१५ |
| **८.** | बेनी | मुना | ४३ | ५८० | **२०.** | मराङबेशी | पन्थोक | ३.५ | ६० |
| **९.** | बेनी | खोरिया | ४८ | ६७० | **२१.** | मराङबेशी | हाङवाङ | ४ | ७० |
| **१०.** | बेनी | लमसुङ | ५० | ७१० | **२२.** | मराङबेशी | घन्टीवाङ | ४ | ७० |
| **११.** | बेनी | लुलाङ | ५२ | ७५० | **२३.** | मराङबेशी | दमका | ३.५ | ६० |
| **१२.** | बेनी | मुदी | ४८ | ६७० | | | | | |

## धवलागिरी गाउँपालिका भित्रका विभिन्न ठाउँसम्मको सार्वजनिक जीपको भाडादर

| क्र. सं. | देखि | सम्म | कि. मि. | भाडादर | क्र.सं. | देखि | सम्म | कि. मि. | भाडादर |
|---|---|---|---|---|---|---|---|---|---|
| **१.** | बेनी | धारापानी | २९ | ४८५ | **१८.** | मुदी | बगर | १० | २५० |
| **२.** | बेनी | ताकम | ३३ | ५८५ | **१९.** | दरवाङ | खाम्ला | १५ | ३७५ |
| **३.** | बेनी | हिलापोखरी | ३६ | ६६० | **२०.** | दरवाङ | खिवाङ | १८ | ४५० |
| **४.** | बेनी | काफलडाँडा | ३८ | ७१० | **२१.** | दरवाङ | चेचुङ | २० | ५०० |
| **५.** | बेनी | सिवाङ | ३६ | ६६० | **२२.** | दरवाङ | नाउरा | १८ | ४५० |
| **६.** | बेनी | मच्छिम | ३८ | ७१० | **२३.** | दरवाङ | बगर | २३ | ५७५ |
| **७.** | बेनी | फलियागाउँ | ४२ | ८१० | **२४.** | दरवाङ-वेसी | मल्कवाङ | २३ | ५७५ |
| **८.** | बेनी | मुना | ४३ | ८३५ | **२५.** | दरवाङ-वेसी | मलम्पार | २८ | ७०० |
| **९.** | बेनी | खोरिया | ४८ | ९६० | **२६.** | दरवाङ-बुल | मलम्पार | २४ | ६०० |
| **१०.** | बेनी | लमसुङ | ५० | १०१० | **२७.** | मराङबेशी | स्वा.चौकी | ३ | ७५ |
| **११.** | बेनी | लुलाङ | ५२ | १०६० | **२८.** | मराङबेशी | ठुलो गाउँ | ४ | १०० |
| **१२.** | बेनी | गुर्जादेउराली | ६२ | १३१० | **२९.** | मराङबेशी | राम्चे | ७ | १७५ |
| **१३.** | बेनी | मुदी | ४८ | ९६० | **३०.** | मराङबेशी | बुल | १२ | ३०० |

| क्र.सं. | देखि | सम्म | कि.मि. | भाडादर | क्र.सं. | देखि | सम्म | कि.मि. | भाडादर |
|---|---|---|---|---|---|---|---|---|---|
| **१४.** | बेनी | मराङबेसि | ३६ | ६६० | **३१.** | मराङबेशी | पन्थोक | ३.५ | ९० |
| **१५.** | बेनी | मल्कवाङ | ४७ | ९३५ | **३२.** | मराङबेशी | हाङवाङ | ४ | १०० |
| **१६.** | मुदी | खिबाङ | ६ | १५० | **३३.** | मराङबेशी | घन्टीवाङ | ४ | १०० |
| **१७.** | मुदी | चेचुङ | ७ | १७५ | **३४.** | मराङबेशी | दमका | ३.५ | १०० |

४. विविध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. गाउँपालिकाको वडा नं. ५ मल्कबाङमा केन्द्रिय विद्युत प्रसारण लाईन नपुगेको र वर्षातको कारण लघु जलविद्युत सञ्चालनमा समस्या आएकोले प्राविधिक नापजाँच गरी आवश्यक मेसिन तथा अन्य मर्मत कार्य अगाडी बढाउन गाउँकार्यपालिको कार्यालयलाई निर्देशन दिने भनि भएको गाउँ कार्यपालिकाको मिति २०८२।०५।०४ को निर्णय बमोजिम उक्त लघुजलविद्युतमा आवश्यक मेसिन तथा अन्य मर्मत गर्दा भएको खर्च पेश हुन आएको विल बमोजिमको रकम रु. २६६२६२।- निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी दिन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ख. वडा नं. ७ अन्तर्गत रहेको यस गाउँपालिकाकै महत्वपूर्ण धार्मिकस्थल ताकमकोट मन्दिर रङरोगन गर्दा भएको खर्चको पेश हुन आएको विल बमोजिमको रकम निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी दिन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ग. चालु आ.व. २०८२/८३ को स्विकृत वार्षिक कार्यक्रममा सीप परीक्षण तथा प्रमाणिकरणको लागि रु ३०००००।– बजेट विनियोजन भएको साथै गण्डकी प्रदेश, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको चलानी नं. ५३, मिति २०८२।०४।१९ को पत्रबाट पूर्व सिकाई मान्यता विधिबाट लागत साझेदारीमा सीप परीक्षण कार्यक्रम गर्नको लागि सहमति माग भएको हुँदा उक्त स्विकृत कार्यक्रम प्रदेश सरकारसँगको साझेदारीमा कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो।

घ. गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८२/०५/१७ को कर्मचारी आवश्यकता सम्बन्धी सूचनाबाट मनोसामाजिक परामर्शकर्ताको दरखास्त आह्वान गरिएकोमा मुलुकको वर्तमान विषम परिस्थितिलाई मध्यनजर गर्दै संघीय सरकारबाट प्राप्त हुने बजेट एकीन नहुँदासम्मको लागि उक्त सूचना बमोजिमको बाँकी कार्य तत्कालको लागि स्थगित गर्ने साथै उक्त कार्यको लागि संघीय सरकारबाट प्राप्त हुने बजेटको सुनिश्चिता पश्चात स्थगन गरिको बाँकी प्रक्रिया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

ङ. वडा नं. १, २ र ५ लगायतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा हाल इन्टरनेट सेवा अवरुद्ध रहेको तथा साविकमा सेवा उपलब्ध गराइ रहेको टेकमाइन्ड कम्यूनिकेशन प्रालिले साविक बमोजिमको शर्तमा रहि सेवा उपलब्ध गराउन नसकिने भनि सम्झौता नविकरणको लागि गाउँ कार्यपालिकाको कार्यालयले अनुरोध गरेतापनी

सम्झौता नविकरणका लागि उपस्थित नभएको हुँदा इन्टरनेट सेवा सुचारुका लागि आवश्यक कार्य तथा निर्णय गर्नका लागि गाउँकार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

च. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले चालु आ.व. २०८२/०८३ देखि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ कार्यान्वयनमा ल्याएको हुँदा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) का सूचकहरु पूरा गरी गाउँपालिकालाई मूल्याङ्कनमा अब्बल बनाउनका स्वःमूल्याङ्कनको उद्देश्य, विधि, प्रकृया,सूचक, सूचक प्राप्तिका लागि सम्पादन गर्नुपर्ने कार्य र सोको जिम्मेवारी लगायतको विषयमा छलफल गरि तोकिएका सूचकहरु पूरा गर्न दृढताका साथ लागि पर्ने निर्णय गरियो।

छ. प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखराको चलानी नं. ६८, मिति २०८२।०६।०५ को पत्रबाट यस गाउँपालिका अन्तर्गत विभिन्न सेवा समूहका सातौँ तहका प्राविधिक तथा अप्राविधिक रिक्त पदहरुको विवरण सहितको माग आकृति फाराम माग भएको हुदाँ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएको दरबन्दी अन्तर्गतका स्थानीय इन्जिनियरिङ सेवा इन्जिनियर-१ र स्थानीय शिक्षा सेवा शिक्षा अधिकृत -१ गरि जम्मा २ पदहरु पदपूर्तीका लागि माग आकृति फाराम भरि प्रदेश लोक सेवा आयोगमा पठाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ज. मिति २०८२ भाद्र १० गतेसम्म दायित्व सिर्जना भई भुक्तानी हुन बाकी रहेको देहाय बमोजिमको विविध लगायतको खर्च रकम भुक्तानी दिनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

- विविध खर्च रु. २८१३९०।-
- सवारी भाडा खर्च रु. ११०००।-
- सवारी साधन मर्मत खर्च रु. ७८०००।–
- इन्धन खर्च रु. २२८८२१।-

झ. हेम मावि सिवाङ अन्तर्गतको आवसीय छात्रावासमा विद्यार्थीहरुको सुरक्षा लगायत विविध पक्षलाई मध्यनजर गर्दा तत्काल सिसिटिभि जडान गर्न अति आवश्यक देखिएको हुँदा सिसिटिभि खरिद तथा जडानको प्रक्रिया तत्काल अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ञ. मन्सुनजन्य विपद्को कारण घर क्षति भई राहतका लागि गाउँपालिकाका निवेदन पेश भएका तपशिल बमोजिमका विपद् पिडितहरुलाई विपद् व्यवस्थापन कोषबाट कार्यविधिमा तोकिएको रकम नबढ्ने गरि राहत वितरण गर्ने निर्णय गरियो।

| क्र.स. | नामथर | वडा नं. | क्षतिको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १. | दुर्गा कुमारी छन्त्याल | १ | पहिरोले घरमा क्षति | |

| | | | | |
|---|---|---|---|---|
| २. | नर बहादुर घर्ती | ४ | घरको छानो र उत्तरपट्टीको गारो भत्किएको | |
| ३. | कमला भण्डारी | ३ | घर भत्किएको | |
| ४. | दल बहादुर सुनार | ३ | घर भत्किएको | |
| ५. | नेत्रलाल सुवेदी | ७ | आंशिक क्षति | |
| ६. | तम बहादुर खत्री | ३ | घरमा पूर्ण क्षति | |

ट. विपद् व्यवस्थापन कोष लगायत उपयूक्त खर्च शिर्षक तथा कार्यक्रमबाट विपद्को समयमा उद्धारको लागि आवश्यक पर्ने विपद् व्यवस्थापनसँग सम्बन्धि सामाग्री खरिदको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई अधिकार दिने निर्णय गरियो।

ठ. गाउँपालिका अन्तर्गका तपशिल बमोजिमका स्वास्थ्यचौकी र विद्यालयहरुमा जडान गरिका सोलारसिस्टम लगायत अन्य मर्मतको कार्य गरि मिल्दो खर्च शिर्षकबाट रकम भुक्तानी हुने व्यवस्था गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

- मल्कवाङ स्वास्थ्य चौकीमा सोलार मर्मत
- महेन्द्र आवि वडा नं ६ मा सोलार मर्मत
- राम्चे आ.वि. वडा नं ६ सोलार मर्मत
- बागेश्वरी आ.वि. वडा नं. ६ सोलार मर्मत
- जनविकास मावि मराङ सोलार जडानको वाँकी कार्य